सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
**कैलाली**

फोन नं.: ०९१-४१२०२२
ईमेल :- **idokailali@gmail.com**

प.सं. २०८२/०८३ | च.नं. | मितिः- २०८३-०३-३२

**विषयः कार्यालयमा भएको तोडफोड, भ्रामक प्रचार र अराजक गतिविधिप्रति गम्भीर ध्यानाकर्षण तथा कानुनी कारबाही सम्बन्धी प्रेस विज्ञप्ति।**

यस पूर्वाधार विकास कार्यालय, कैलालीको मातहतमा सञ्चालित धनगढी उप-महानगरपालिका वडा नं. ०५, हसनपुर पुरानो बोरिङ्ग शिवनगर जाने बाटो उत्तरतर्फ शान्ति टोल जाने सडक निर्माणको कार्य प्रगतिका विषयमा चासो राख्ने बहानामा मिति २०८३/०३/३१ गतेका दिन कार्यालय परिसरमा प्रवेश गरेका १०/१२ जना महिलाहरूको समूहद्वारा कार्यालयभित्र प्रदर्शन गरिएको उच्छृङ्खल, हिंसात्मक र गैरकानुनी कार्यप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। आफ्नो स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनार्थ सीमित जनशक्तिका बाबजुद सयौं आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न यस कार्यालय सदैव कटिबद्द रहदै आएको छ।

नागरिकका गुनासा, चासो र सरोकारलाई मर्यादित ढंगले सुन्ने र सम्बोधन गर्ने लोकतान्त्रिक तथा प्रशासनिक मूल्य मान्यताप्रति यो कार्यालय सदैव प्रतिबद्ध रहेको छ। तर, सोही बहानामा कार्यालयभित्र गैरकानुनी रूपमा प्रवेश गरी सार्वजनिक सम्पत्तिको रूपमा रहेका कार्यालयका **सूचना पाटी, गुनासो पेटिका तथा फर्निचर/कुर्सीहरू** जस्ता राज्यको सम्पत्ति निर्ममतापूर्वक तोडफोड गर्ने कार्य अत्यन्तै निन्दनीय र अक्षम्य छ। कार्यालयस्थित काममा व्यस्त कर्मचारीउपर गाली-गलौज गर्दै मूल ढोकामा तालाबन्दी गर्दै कार्यालयको कामकाजमा अवरोध गर्नु गैर-कानुनी मात्र नभई अमानवीय पनि हो भन्ने हाम्रो ठम्याई हो। यस्ता अराजक र हिंसात्मक गतिविधिले राष्ट्रसेवक कर्मचारीहरूको मनोबल गिराउने मात्र नभई, दैनिक सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरू सम्पादन गर्ने वातावरणमा समेत गम्भीर अवरोध सिर्जना गरेको छ।

यसै सन्दर्भमा, केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा कार्यालय परिसरभित्र मदिराका बोतलहरू फेला परेको भनी सत्यतथ्यलाई नबुझी सम्प्रेषण गरिएका भ्रामक र कपोलकल्पित समाचारहरूप्रति कार्यालय घोर भत्सर्ना गर्दछ। वास्तविक तथ्य के हो भने, यो कार्यालय हाल बहाल (भाडा) को घरमा सञ्चालित रहेको र उक्त भवनका घरधनीले विगत लामो समय अगाडि देखि घरको पछाडिपट्टिको भागमा पुराना खालका बियर लगायत मदिराजन्य खाली बोतलहरू जम्मा गरी राखेको रहेछ । पूर्व-नियोजित र दुर्भावनापूर्ण उद्देश्यका साथ आएको उक्त समूहले पूर्वाग्रह राख्दै नियोजित रूपमा उक्त स्थानबाट पुराना बोतलहरू निकाली कार्यालयको मूल ढोका अगाडि ल्याएर फुटाई, फोहोर मैला गरी कार्यालयको प्रतिष्ठामा आँच पुर्‍याउने कुत्सित मनसायले भ्रम फैलाउन खोजेको प्रष्ट देखिन्छ।

२०८३/०३/३२
कार्यालय प्रमुख

सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
**कैलाली**

फोन नं. : ०९१-४१२०२२
ईमेल :- idokailali@gmail.com

प.सं. २०८२/०८३ च.नं. मितिः- २०८३-०३-३२

यस प्रकारका भ्रामक र प्रायोजित प्रचारबाजीमा कुनै सत्यता नरहेकोले आम नागरिक, सरोकारवाला निकाय तथा सञ्चार जगतलाई भ्रममा नपर्नुहुन सुसूचित गरिन्छ। सार्वजनिक निकायको रूपमा जनउत्तरदायित्व र पारदर्शिताको सिद्धान्त बमोजिम आम नागरिक समक्ष सत्य र तथ्यपरक सूचना प्रवाह गर्नु यस कार्यालयको कर्तव्य भएकोले यो स्पष्टीकरण सहितको विज्ञप्ति जारी गरिएको छ।

यसरी सरकारी कार्यालय जस्तो संवेदनशील र मर्यादित सार्वजनिक स्थलमा हुलहुज्जत गरी तोडफोड गर्ने, राष्ट्रसेवक कर्मचारीलाई गाली-गलौज गर्दै भयभित तुल्याउने र नक्कली प्रमाण सिर्जना गरी चरित्रहत्या गर्न खोज्ने कार्य **मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-२६ (सार्वजनिक शान्ति विरुद्धका कसूर), स्थानीय प्रशासन ऐन, २०२८** तथा प्रचलित **सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी कानुनी व्यवस्थाहरू** अनुकूल सर्वथा विपरीत र दण्डनीय अपराध हो।

तसर्थ, यस आपराधिक र उच्छृङ्खल गतिविधिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न रहेका सम्पूर्ण दोषीहरूको पहिचान गरी उनीहरूमाथि तत्काल **प्रचलित मुलुकी अपराध संहिता र अन्य सम्बद्ध कानुन बमोजिम कडा भन्दा कडा कानुनी कारबाही** गर्न र कार्यालयको सुरक्षा तथा शान्तिपूर्ण कार्य वातावरण सुनिश्चित गरिदिन स्थानीय प्रशासन, सुरक्षा निकाय, प्रदेश सरकार र नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं।

२०८३/०३/३२
.......................................
ई. दीपक नेगी
(कार्यालय प्रमुख)
कार्यालय प्रमुख